# APAVOICE मतदाता गाइड

**ASIAN PACIFIC AMERICANS VOTING & ORGANIZING TO INCREASE CIVIC ENGAGEMENT**

提供中文 • 이 유권자 안내서는 한국어로도 제공됩니다 • পাওয়া যাচ্ছে বাংলায় • नेपाली भाषामा उपलबध छ

APAVoiceNewYork

प्रिय मित्र,

एपिए भोइसले (आवाज) यस्तो देश र न्यूयोर्क राज्य होस् भन्ने विश्वास गर्छ जहाँ सबै मानिसहरूलाई स्वागत हुन्छ ,समान् व्यवहार हुन्छ र आफ्नो सपना हासिल गर्न मौका दिइएको हुन्छ। धेरै राज्य र संघीय पदहरूका लागि, यो वर्ष एक महत्वपूर्ण निर्वाचन वर्ष हो। यो राजनीतिक विवादित समयमा, हाम्रो जीवनमा सीधै असर पार्ने महत्त्वपूर्ण विषयहरूमा आवाज उठाउनु अझ महत्त्वपूर्ण हुन्छ।

यदि तपाईं एक दर्ता गरेको मतदाता हुनु हुन्छ भने, हामी तपाईंलाई आगामी निर्वाचनमा आफ्नो आवाज र मतदान् प्रयोग गर्न आग्रह गर्छौं। यदि दर्ता गर्नु भएको छैन भने, तपाईंले कुनै पनि एपिए भोइस संस्थासंग सम्पर्क गरेर वा निर्वाचनको बोर्डमा गएर दर्ता गर्न सक्नुहुन्छ। यदि तपाईं वा तपाईंको परिवारको सदस्य अहिलेसम्म यँहाको एक नागरिक हुनु भएको छैन भने,हामीले प्राक्रितिकरणको (न्याचुरलाइजेशन) फाइदाका र यस प्रक्रिया सुरु गर्न मद्दत गर्न सक्ने सेवा प्रदायकहरुको सूचीका बारेमा जानकारी प्रदान गरेका छौं । एक नागरिक हुनु र आफ्नो मतदान गर्ने अधिकार प्रयोग गर्नु भनेको हाम्रो लोकतन्त्रमा पूर्णतया सक्रिय हुनुमा पहिलो कदम हो। ।

निर्वाचित अधिकारी र उम्मेदवारहरुले कम मतदाता संख्यासंग, समुदायलाई प्रभाव पार्ने विषयहरूमा सम्बोधन गर्ने संभावना कम हुन्छ। मतदान गर्नु भनेको हाम्रो परिवार र समुदायलाई प्रभावित पार्ने मुद्दाहरूमा हाम्रो प्रत्यक्ष आवाज उठाउनु हो, र हामी कसरी ती मुद्दाहरू पूर्ण गर्छौं भन्ने उत्तरदायित्व कायम गर्नु हो। हामी हाम्रा युवाका लागि मतदान गर्छौं जो अझै मतदान गर्नका लागि अयोग्य छन् । हामी हाम्रा छिमेकीका लागि मतदान गर्छौं जो नागरिक होइनन्। हामी हाम्रो सामूहिक भविष्यको लागि मतदान गर्छौं।

भवदीय,

एपिए भोइस




## मतदान गर्न चाहनुहुन्छ? एक नागरिक बन्नुहोस!

संयुक्त राज्य अमेरिकामा न्यायसंगत स्थायी बासिन्दाहरु (ग्रिन कार्ड होल्डरहरु) बस्न र काम गर्न सक्नु हुन्छ। तर धेरै अधिकार र विशेषाधिकारहरु चाहिं नागरिकहरुलाई मात्र अनुमति दिइएको हुन्छ:

★ तपाईं परिवारका सदस्यहरूलाई अधिक चाँडै अमेरिका ल्याउन सक्नुहुन्छ: अमेरिकी नागरिक जसले परिवारका सदस्यहरूका लागि बसाइँ सर्ने आवेदन दिन्छन्, उनीहरुले स्थायी बासिन्दाहरुको भन्दा अधिक प्राथमिकता प्राप्त गर्छन्।

★ एक पटक नागरिकताका लागि आवेदन गर्दा समय र पैसा बचत हुन्छ। उदाहरणका लागि, ग्रिन कार्ड हरेक १० वर्षमा नवीकरण गर्नु पर्छ र प्रति नवीकरणमा $५४० खर्च हुन्छ।

★ तपाईं एक अमेरिकी पासपोर्टले भ्रमण गर्न सक्नु हुन्छ।

★ तपाईं निर्वाचनमा मतदान गर्न सक्षम हुनु हुनेछ।

★ तपाईं निर्वासन हुनबाट सुरक्षित हुनु हुनेछ।

## प्राक्रितिकरण प्रक्रियाका लागि सेवा प्रदायकहरु

न्यून-आय भएका बासिन्दाहरु युएस सि आइ एस दाखिलाको लागि कम वा निःशुल्क शुल्कका रूपमा योग्य हुन सक्नुहुन्छ।तल यस शहर भरका प्राक्रितिकरण प्रक्रियाका लागि सेवा प्रदान गर्ने प्रदायकहरुको सूची छ।

**एसियन अमेरिकन् फोर इकोलिटी**
१११ डिभिजन स्ट्रिट, न्यूयोर्क, एनवाइ १०००२
कृपया भेट्नको लागि २१२-९७९-८९८८ मा फोन गर्नुहोस्
भाषा: अंग्रेजी, मन्डारिन, क्यान्टोनिज

**बङ्लादेशी अमेरिकीकन कम्युनिटी डेभलवमेन्ट एण्ड युथ सर्भिसेस**
कृपया भेट्नको लागि ७१८-२३५-१७०० मा फोन गर्नुहोस्
८३ -१० रकवे बुलोभर्ड, जमाइका, एनवाइ ११४१६
भाषा: अंग्रेजी, बंगाली, हिन्दी, उर्दू

**छाया कम्युनिटी डेभलवमेन्ट कोर्पोरेसन**
३७-४३ ७७ स्ट्रिट ज्याक्सन हाइट्स, एनवाइ ११३७२
७१८-४७८-३८४८ मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, बाङ्ग्ला, पंजाबी, हिन्दी, उर्दू

**चाइनिज-अमेरिकन प्लानिंग काउन्सिल**
४१०१ ८ एवेन्यू, ४ फ्लोर्ले, ब्रूकलिन, एनवाइ ११२३२
७१८-४९२-०४०९ मा फोन गर्नुहोस् भेट्नको लागि

भाषा: अंग्रेजी, मन्डारिन, क्यान्टोनिज
१६५ एलड्रिड स्ट्रिट। एनवाइ, एनवाइ१०००२
२१२-९३१-००३० मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, मन्डारिन, क्यान्टोनिज, फुजोनिज्

१३३-१४ ४१ एवेन्यू, ७ फ्लोर, फ्लशिङ्, एनवाइ ११३५५
७१८-३५८-८८९९ मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, मन्डारिन, क्यान्टोनिज, फुजोनिज्

**चाइनिज प्रोग्रेसिभ असोसिएसन्**
२३० ग्र्याण्ड स्ट्रिट - सुइट ५०४
न्यूयोर्क, न्यूयोर्क १०००२
२१२-२७४-१८९१मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, मन्डारिन, क्यान्टोनिज

**कोरियन कम्युनिटी सर्भिसेस् अफ मेट्रोपोलिट्न न्यूयोर्क**
२०३-०५ ३२ एवेन्यू, बेसाइड, एनवाइ ११३६१
७१८-९३९-५१३७ मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, कोरियन

**मिन्क्वोन सेन्टर फोर कम्युनिटी एक्सन**
१३६-१९ ४१ एवेन्यू, ३ फ्लोर, फ्लशिङ, एनवाइ ११३५५
७१८-४६०-५६०० मा फोन गर्नुहोस् भेट्नको लागि
भाषा: अंग्रेजी, कोरियन, मन्डारिन



## ★★★ के हुन्छ यदि मैले मतदान गर्न दर्ता गरेको छैन भने? ★★★

### न्यूयोर्कमा मतदान गर्न योग्य हुन, तपाईंमा यी हुनुपर्छ।

★ एक अमेरिकी नागरिक हुनुपर्छ।

★ वर्षको अन्तमा १८ वर्ष पुगेको हुनुपर्छ।यदि तपाईं हाल १७ वर्षको हुनुहुन्छ र यो वर्ष १८ हुँदै हुनुहुन्छ भने, तपाईंले अहिले दर्ता गर्न सक्नुहुन्छ र तपाईंले आफ्नो १८औं जन्मदिन पछि हुने कुनै पनि निर्वाचनमा मतदान गर्न सक्नुहुन्छ।

★ एउटा निर्वाचन अघि कम्तिमा पनि ३० दिन आफ्नो वर्तमान ठेगानामा बसेको हुनुपर्छ।

★ जेलमा नभएको वा सजायको लागि परोलमा छुटेको र एक अदालतले मानसिकरूपमा अयोग्य ठहर नगरेको।

★ अन्यत्र मतदान गर्ने अधिकार दावी नगर्ने।

### यदि तपाईं योग्य हुनुहुन्छ तर अझै मत दर्ता गर्नु भएको छैन भने तपाईंले दर्ता गर्न निम्न मध्ये एक गर्न सक्नुहुन्छ:

★ **फोन गर्नुहोस् वा आफ्नो स्थानीय एपिए भोइस संस्थामा जानुहोस्।** कर्मचारी सदस्यले व्यक्तिगतरूपमा तपाईंलाई फारम भर्नमा सहयोग गर्नेछन्।

★ आफ्नो स्थानीय पुस्तकालयबाट वा **निर्वाचन बोर्डबाट मतदाता दर्ता फारम लिनुहोस् ।**

★ http://www.elections.ny.gov/VotingRegister.html **बाट फारम डाउनलोड गर्नुहोस्।**

★ www.dmv.ny.gov/mydmv/motv-pop.htm मा DMV **सँग अनलाइन दर्ता गर्नुहोस्।**

★ **निर्वाचन बोर्डमा फोन गर्नुहोस्** १-८००-FOR-VOTE

## के हुन्छ यदि मैले मतदान गर्न सकिन भने?

तपाईंले मतदान गर्न सके वा नसकेता पनि, तपाईंको आवाज महत्वपूर्ण हुन्छ र फरक पार्न सक्छ।

★ **तपाईं आफ्ना साथीहरू, सहपाठीहरू, सहकर्मीहरु, र तपाईं वरिपरिका अरूसँग कुरा गर्नुहोस्** जसले तपाईंलाई महत्वपूर्ण लाग्ने मुद्दाहरूका बारेमा मतदान गर्न सक्नेछन्

★ सरकारको उपयुक्त स्तरमा भएका तपाईंको **आफ्नो प्रतिनिधिलाई फोन गर्नुहोस्** र आफ्नो चिन्ता व्यक्त गर्नुहोस् (उनीहरूको अझै पनि तपाईंलाई प्रतिनिधित्व गर्ने / सेवा गर्ने जिम्मेवारी हुन्छ !)

★ **दान वा स्वयंसेवा** गर्नुहोस् त्यो उम्मेदवारको लागि जसको विचारहरु तपाईंले समर्थन गर्नुहुन्छ।

★ **यस गाइडलाई परिवारका सदस्य वा साथीहरु सँग साझेधारी** गर्नुहोस् जसले मतदान गर्न सक्दछ एपीए भ्वाईस

**यदि तपाइँसँग कुनै प्रश्नहरू छन् वा चुनावको दिन कुनै पनि समस्याको सामना गर्नु भयो भने , तपाई फोन गर्नुहोस:**

| | | | |
|---|---|---|---|
| अंग्रेजी | ७१८ -४६० -५६०० | कोरियन | २१२ -२७४ -१८९१ |
| चाईनिज | ७१८ -२३२ -००५५ | बेन्गाली | ७१८ -४७८ -३८४८ |
| | २१२ -२७४ -१८९१ | नेपाली | ७१८ -९३७ -१११७ |

यो मतदाता पुस्तिका APA को आवाज को अभियान को भाग हो:

मतदान र संगठित नागरिक संलग्नता वृद्धि गर्न ।

हाम्रो लक्ष्य एशियाली प्रशान्त अमेरिकी समुदायमा जागरूकता र नागरिक सहभागिता वृद्धि गर्ने छ।हामी गैर-पार्टी हौं र कुनै पनि राजनीतिक पार्टी वा उम्मेदवार को समर्थन गर्दैनौ ।

# २०१८ को निर्वाचनका मितिहरु:

| | स्पेशल (विशेष )निर्वाचन | प्राइमरीहरु | | जेनेरल (साधारण) निर्वाचन |
|---|---|---|---|---|
| | न्यूयोर्क राज्य | संयुक्त राज्य अमेरिका | न्यूयोर्क राज्य | ञिररऱा र न्यूयोर्क |
| निर्वाचनको दिन | मङ्गलबार, अप्रिल २४, २०१८* | मंगलवार, जुन २६, २०१८ | बिहीबार, सेप्टेम्बर १३, २०१८** | मंगलवार,नोभेम्बर ६, २०१८ |
| निर्वाचनका लागि पदहरु | विधानसभामा ११ खाली सिट (२ सीनेटमा (ब्यवस्थपिका) , ९ एसमब्ली (सभामा)) | एक-तिहाई अमेरिकी सीनेट (१ सीनेटर न्यूयोर्कबाट) सबै ४३५ प्रतिनिधिहरु सभा (२७ न्यूयोर्कबाट) | गवर्नर (राज्यपाल), गवर्नर लेफ्टि-नेंट,महालेखा परीक्षक,अधिवक्ता जनरल,सबै १५० राज्य सभाको सदस्यहरुसबै ६३ राज्य सीनेट | पहिले उल्लेख सीनेट, हाउस उल्लेख विधानसभाका पदहरु |
| पहिलो पटकका मतदा-ताहरुका लागि मतदान दर्ता गर्न आन्तिम मिति | मार्च ३० , २०१८ | जुन १, २०१८ | अगस्ट १९, २०१८ | अक्टोबर १२, २०१८ |
| अनुपस्थित मतपत्र अनुरोध गर्नको लागि अन्तिम मिति | अप्रिल १७, २०१८ | जुन १९, २०१८ | सेप्टेम्बर ६, २०१८ | अक्टोबर ३०, २०१८ |

* सबै जिल्लाले स्पेशल निर्वाचन संचालन गर्न छैनन् ** मिति परिवर्तन हुनसक्छ




# प्राइमरी (मुख्य) निर्वाचन किन जरुरी छ?



★ **२०१८ मा न्यूयोर्कमा दुई प्राइमरी निर्वाचन हुन्छन्।**
प्राय न्यूयोर्कमा,प्राइमरी निर्वाचन नै "वास्तविक" निर्वाचन हो र निर्वाचन प्रक्रियाको यो चरणमा प्रतियोगिता सबैभन्दा कडा हुन्छ।

★ **एक प्राइमरी निर्वाचनले प्रत्येक राजनीतिक पार्टीबाट उम्मेदवार को हुनेछन् जेनेरल निर्वाचनमा लड्न् भनेर निर्णय गर्छ।** न्यूयोर्क एक "बन्द प्राइमरी" राज्य भएकोले पार्टीमा भर्ना भएका मतदाताहरु मात्रले प्राइमरी निर्वाचन् मतदान गर्न सक्छन्। प्राय जसो, प्रमुख राजनीतिक दलहरू- डेमोक्र्याटिक वा रिपब्लिकन दलहरुले -प्राइमरी निर्वाचन् गर्छन्।

**तपाईं एउटा प्राइमरी निर्वाचनमा कसरी मतदान गर्नुहुन्छ?**

★ तपाइले एक राजनितिक पार्टीमा भर्ना भएको हुनुपर्छ त्यो पार्टीको प्राइमरी निर्वाचनमा मतदान गर्न।

★ एक राजनीतिक पार्टीमा भर्ना हुनु भनेको एक पार्टीको लागि मतदान दिनु जस्तै होइन। जेनेरल निर्वाचनमा, तपाईंले समर्थन गर्ने कुनै पनि उम्मेदवारको लागि मतदान गर्न सक्नुहुन्छ।

## मतदान गर्दा लगातार सोधिने प्रश्नहरु

### प्र: म मतदान गर्न कहाँ जाने? म कुन जिल्लामा बस्छु?
उ: तपाईको मतदान गर्ने स्थान र जिल्ला तपाईको घरको ठेगानामा निर्भर हुन्छ। तपाईंले कहाँ मतदान गर्ने र आफ्नो जिल्ला थाहा पाउन अनलाइन हेर्न सक्नु हुन्छ (http://nyc.pollsitelocator.com/search) मा अथवा निर्वाचन बोर्डलाई फोन गर्न सक्नुहुन्छ (१-८६६-८६८-३६९२) मा।

### प्र: मेरो निर्वाचित अधिकारिहरु को हुन्?
उ: तपाईंले संघीय, राज्य र शहर स्तरमा आफ्नो निर्वाचित अधिकारीहरु थाहा पाउन http://gis.nyc.gov/doitt/nycitymap/ मा अनलाइन हेर्न सक्नुहुन्छ।

### प्र: मलाई थाहा छैन यदि मैले मतदान गर्न दर्ता गरेको छु कि छैन भनेर ।
उ::तपाईंले मतदान गर्न दर्ता गर्नु भएको छ छैन् अनला-इन (https://voterlookup.elections.state.ny.us/) मा हेर्न सक्नु हुन्छ वा निर्वाचन बोर्डलाई (१-८६६-८६८-३६९२) फोन गर्न सक्नुहुन्छ। दायाँतिरको बक्स पनि हेर्नुहोस्।

### प्र:के हुन्छ यदि मैले नाम अथवा ठेगाना फेरेको छु भने?
उ:यदि तपाईंले आफ्नो नाम वा ठेगाना परिवर्तन गर्दै हुनु हुन्छ भने, तपाईंले यसलाई निर्वाचन बोर्डमा निर्वाचन हुने कम्तिमा २० दिन अगाडि रिपोर्ट गर्नुपर्छ। तपाईंले मतदान फारम फेरि दर्ता गरेर बुझाउनु सक्नुहुन्छ।

### प्र: मैले मतदन गर्ने ठाँउमा के के बोकेर ल्याउनु पर्छ?
उ: यदि तपाइँ पहिलो पटक मतदन गर्दै हुनुहुन्छ भने: धैरै मतदाताहरुले सोसल सिक्युरिटि नम्बर वा चालक अनुमति पत्र (लाईसेन्स) मतदान गर्न दर्ता गर्दा प्रस्तुत गर्छन्। यदि तपाईंले गर्नु भएको छैन भने, तपाईंले पहि-चानको प्रमाण तपाईं पहिलो पटक मतदान गर्दा ल्याउन आवश्यक हुन्छ। यदि तपाईंले पहिले मतदान गर्नु भएको छ भने: तपाईंले पहिचान प्रस्तुत गर्न आवश्यक छैन । तर, निर्वाचन बोर्डको तपाईंको दर्ता कार्ड ल्याउँदा उपयोगी हुन सक्छ।

### प्र: यदि म निर्वाचन दिनमा निर्वाचन हुने स्थानमा पुग्न असमर्थ भए भने?
उ:तपाईंले अनुपस्थित मतपत्रद्वारा मतदान गर्न सक्नुहु-न्छ,जो मेल गर्न सकिन्छ वा निर्वाचनको बोर्डमा लेराउन सक्नुहुन्छ। न्यूयोर्कमा तपाईंले अनुपस्थित मतपत्रद्वारा मतदान गर्नको लागि मान्य कारण हुनुपर्छ। उक्त कार-णहरुमा समावेश हुन्छन्, तपाईं निर्वाचनको दिनमा यात्रा गर्दै हुनु हुनेछ, अस्थायी वा स्थायी रोग वा अशक्तताका कारण तपाईं निर्वाचन हुने स्थानमा जान असमर्थ हुनु हुन्छ, वा यदि तपाईं एक वा बढी शारीरिक अशक्त व्यक्तिहरूको प्राथमिक हेरचाह गर्नु हुन्छ भने।

एउटा अनुपस्थित मतपत्र आवेदन भर्न, तपाईं आफ्नो निकटको निर्वाचन बोर्डमा सम्पर्क गर्नुहोस् (१-८६६-८६८-३६९२) वा http://www.elections.ny.gov/VotingAbsentee.html बाट आवेदन फारम डाउनलोड गर्न सक्नु हुन्छ।

### प्र: के हुन्छ यदि मलाई मतदन गर्ने स्थानमा मदत चाहियो भने?
उ:यदि तपाईंलाई मदत चाहियो किनभने तपाइँ अशक्त हुनु हुन्छ वा मतपत्र पढ्न सक्नु हुन्न भने, संघीय व्य-वस्थाले गोपनीयताको बूथमा तपाईंलाई सहयोग गर्न एक मित्र वा नातेदार लैजान अनुमति दिन्छ। त्यहाँ निर्वाचन् गर्ने स्थानमा निर्वाचनका कार्यकर्ता, र संभवत दोभाषेहरु हुन सक्छन् तपाईंलाई मदत गर्नका लागि।

### प्र: म मेरो पार्टी सम्बद्धता परिवर्तन गर्न सक्छु?
उ:यदि तपाईंले पहिले नै मतदान गर्न दर्ता गर्नु भएको छ भने, र आफ्नो पार्टी सम्बद्धता परिवर्तन गर्न चाहनु हुन्छ भने, तपाईंले नयाँ मतदाता दर्ता फारम भर्नु पर्छ फरक राजनीतिक पार्टीमा भर्नाको नामांकन गर्दै। तथापि,तपाईंले जेनेरल निर्वाचनसम्म पर्खनु पर्छ यो परिवर्तनलाई पारित हुनको लागि।

APAVOICE
ASIAN PACIFIC AMERICANS VOTING & ORGANIZING TO INCREASE CIVIC ENGAGEMENT

nyic NEW YORK IMMIGRATION COALITION

ASIAN AMERICANS FOR EQUALITY · Asian American Legal Defense and Education Fund · अधिकार adhikaar · BACDYS · CACF · Charles B. Wang Community Health Center · chhaya CDC Sustaining Homes Strengthening Communities · Chinese Progressive Association

CPC · ICA Indo-Caribbean Alliance, Inc. · MinKwon Center For Community Action · ADVOCATE New York Chapter · SACSS · SHETU · UNIPRO · eliminating racism empowering women ywca Queens